मिति : २०८०/०३/०८, कापा बैठक संख्या:२३-०७९/८०

प्रस्तावहरू

१. आर्थिक विधेयक पेश गर्ने सम्बन्धमा,

२. विनियोजन विधेयक पेश गर्ने सम्बन्धमा,

३. विविध

निर्णयहरू

१. आर्थिक विधेयक, २०८० सभामा पेश गर्ने सम्बन्धमा

कञ्चन गाउँपालकाको मिति २०८० आषाढ १० गते गाउँसभाको १४ औं अधिवेशनमा आ.व. २०८०/८१ का लागि आन्तरिक करको दर र दायराको विवरण समेटिएको कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८० को मस्यौदा प्रस्तुत गर्ने कार्यसूची रहेको हुँदा उक्त विधेयक कार्यपालिकाबाट स्वीकृत गरी गाउँपालिका उपाध्यक्ष श्री मौसमी थापा मगर मार्फत सभामा प्रस्तुत गर्ने।

२. विनियोजन विधेयक, २०८० र बजेट सभामा पेश गर्ने सम्बन्धमा

कञ्चन गाउँपालकाको मिति २०८० आषाढ १० गते गाउँसभाको १४ औं अधिवेशनमा कञ्चन गाउँपालिकाको आर्थिक विनियोजन, २०८० र बजेट प्रस्तुत गर्ने कार्यसूची रहेको हुँदा उक्त विधेयक कार्यपालिकाबाट स्वीकृत गरी गाउँपालिका उपाध्यक्ष श्री मौसमी थापा मगर मार्फत सभामा प्रस्तुत गर्ने।

३. विविध

- चालू आ.व. २०७९/८० को बजेट श्रोत मिलान तथा रकमान्तर सम्बन्धमा

  चालू आ.व. २०७९/८० को बजेटमा प्रक्षेपण गरिएको संघीय राजस्व बाँडफाँड तथा वित्तीय समानिकरण अनुसारको रकम सिलिङ्ग अनुसार प्राप्त नभएकोले आधारभूत प्रशासनिक चालु तथा पूँजीगत खर्च तथा सम्झौता भइसकेका योजनाहरूको भुक्तानीका लागि रकम अप्रयाप्त भएको कारण बजेट विनियोजन तथा शुत्र सफ्टवेयरमा कार्यक्रम पोष्टिङ्गको समयमा निर्धारित गरिएको श्रोत आवश्यकता अनुसार परिवर्तन तथा शीर्षकबाट रकम रकमान्तर गर्ने । भुक्तानीको लागि श्रोत अभावको श्रोत मिलान गत आ.व.मा खर्च हुन नसकेको अल्या तथा अन्य कार्यान्वयन हुन नसकेको योजनाको रकमबाट परिपूर्ति गर्ने ।